**बैठक संख्याः २०८२/८३-६**

आज मिति २०८२ मंशिर ११ गते विहिवारका दिन विहान ८ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृण्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | |
|---|---|
| श्री कृण्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृण्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय


**Google plus –JJ8H+R22 RUKUMKOT**

**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**


प.स. २०८२।८३

च.न.

**मिति २०८२/०८/११ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा** :

१.अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२.क्यान्टिन संचालन तथा भाडादर निर्धारण सम्बन्धमा ।

३.आन्तरिक राजश्व सम्बन्धी समिक्षा सम्बन्धमा ।

४.हाल सम्मको खर्च समिक्षा सम्बन्धमा।

५.जेष्ठ नागरिक भवन निर्माण सम्बन्धमा ।

६.ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।

७.कार्यविधि स्वीकृत सम्बन्धमा ।(जग्गा लिजमा दिने सम्बन्धी, क्यान्टिन संचालन सम्बन्धी) ।

८.गापा बस्तुस्थिति विवरण तयारी परामर्शदाताको म्याद थप सम्बन्धमा ।

९.कर्मचारी भर्ना सम्बन्धमा ।

१०. विद्यालय अनुगमन तथा कार्य सम्पादन सम्झौता सम्बन्धमा ।

११. विविध ।

### प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

**निर्णय नं १:**

यस अघि मिति २०८२/०६/२३ गते बसेको गाउँ कार्यपालिकाको तेस्रो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

### प्रस्ताव नं २ क्यान्टिन संचालन तथा भाडादर सम्बन्धमा ।

**निर्णय नं २:**

गाउँपालिकामा हुने विभिन्न कार्यक्रम तथा कर्मचारी खाजा खाना परिकारहरु बनाउने तथा विक्री गर्ने प्रयोजनका लागि गाउँपालिका परिसरमा निर्माण भएको भान्सा घरलाइ संचालनमा ल्याउन निजि व्यावसायिक क्षेत्रलाई दिने र पहिलो पटकका लागि न्यनतम भाडादर मासिक रु ३००० निर्धारण गर्ने निर्णय गरियो ।

### प्रस्ताव नं ३ आन्तरिक राजश्व सम्बन्धी समिक्षा सम्बन्धमा ।

**निर्णय नं ३:**

आन्ततरिक राजश्व नै स्थानीय सरकारको मुल आधार भएकोले गाउँपालिका लाई आत्मनिर्भर बनाउन आन्तरिक राजश्व तर्फ ध्यान केन्द्रित गर्नु पर्ने हुन्छ ।हाल सम्म गाउँपालिका र वडाबाट गरी रु २२,२५,७९०। रकम जम्मा भएको र २ वटा वडाबाट रकम जम्मा नभएकोले सबै वडाहरुलाई नियमित जम्मा गर्न निर्देशित गर्ने निर्णय गरियो ।

### प्रस्ताव नं ४ हाल सम्मको खर्च समिक्षा सम्बन्धमा।

**निर्णय नं ४:**

चालु आ.व. २०८२/८३ को हाल सम्मको खर्च समिक्षा गर्दा हाल सम्म चालु तर्फ १८ प्रतिशत र पुँजिगत तर्फ ०.६७ प्रतिशत मात्र खर्च भएकोले समग्र गाउँपालिकाको वित्तिय प्रगती बढाउन सबै वडा तथा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

### प्रस्ताव नं ५ जेष्ठ नागरिक भवन निर्माण सम्बन्धमा ।

**निर्णय नं ५:**

सिस्ने गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम अनुसार जेष्ठ नागरिक भवन निर्माण शिर्षकमा रु १० लाख बजेट विनियोजन भएकोले उक्त बजेट वडा नं ६ छिप्रिदहको पुस्तकालय भवनको दोस्रो तला थप गर्ने जसमा माथिल्नो तला पुस्तकालय र भुइ तला जेष्ठ नागरिक मिलन केन्द्रका रुपमा उपयोग गर्न व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं ६ ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिस्ने गाउँपालिकाको चालु आव २०८२/८३ मा ठेक्का मार्फत कार्यान्वयन हुने तपशिल बमोजिमका योजनाहरुको प्राविधिक सर्भे गर्दा गाउँपालिकाको विनियोजित बजेट भन्दा बढि रकम लागत अनुमान हुन आएकोले हाललाई सोही अनुसारको लागत अनुमान स्वीकृत गर्ने र विनियोजित बजेट भन्दा बढि भएको रकम गाउँपालिकाको आगामी गाउँ सभाबाट थप गर्ने गरी श्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

तपशिलः

| **सि.न.** | **योजनाको नाम** | **विनियोजन बजेट** | **स्वीकृत लागत अनुमान** | **गापाबाट बेहोर्ने श्रोत** |
|---|---|---|---|---|
| १ | हाइबैय देखि मैदान हुदै पुरानो स्कुल सम्म सडक स्तरोन्नति सिस्ने ५ | ५०,००,०००/- | ८४,९९,७५८/४० | ३४,९९,७५८/४० |
| २ | थाक्ना उल्लो ह्याप्ला हुदै भुमे ८ कुचिबाँडको सिमाना सम्म मोटरबाटो निर्माण | २०,००,०००/- | २९,९९,६९४/४८ | ९,९९,६९४/४८ |

**प्रस्ताव नं ७ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिस्ने गाउँपालिकाको विभिन्न कार्य सम्पादन तथा व्यवस्थापन गर्न देहायका कार्यविधि स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

- क्यान्टिन संचालन सम्बन्धी कार्यविधि २०८२

**प्रस्ताव नं ८ गापा बस्तुस्थिति विवरण तयारी परामर्शदाताको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं ८:**

सिस्ने गाउँपालिकाको यथार्थ विवरण समेटिएको बस्तुस्थिति विवरण तयारीका लागी जिम्मा दिएको परामर्शदाता संस्था मुलबाटो मिडिया प्रा. लि. मुसिकोट-१ रुकुम पश्चिमको कार्य सम्पन्न गर्ने समय २०८२ कार्तिक मसान्तमा समाप्त भइ सकेकोमा उक्त संस्थाबाट आगामी माघ मसान्त सम्म म्याद थपको लागि निबेदन आएकोले अन्तिम पटक २०८२ पुस मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९ कर्मचारी भर्ना सम्बन्धमा ।**

**निर्णय नं ९:**

सिस्ने गाउँपालिका अन्तर्गत देहायका पदहरु रिक्त भइ दैनिक सेवा प्रवाहमा समस्या भएकोले खुल्ला प्रतिस्पर्धा द्धारा कर्मचारी भर्ना प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

| सि.नं | पद | संख्या | शर्त तथा सुविधा | काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| १. | अ.न.मी. | २ | मासिक रु २०,०००/- | आधारभुत स्वास्थ्य केन्द्र सान्चौर-१ आधारभुत स्वास्थ्य केन्द्र अमलाचौर-१ |
| २. | हेभ्वी चालक (टिप्पर चालक) | १ | मासिक तलव रु २०,०००/- कामको दैनिक भत्ता रु १५००/- | गाउँपालिका |
| ३. | ल्याब असिस्टेन्ट | १ | मासिक रु २००००/- | प्वाङ स्वास्थ्य चौकी |

**प्रस्ताव नं १० विद्यालय अनुगमन तथा कार्य सम्पादन सम्झौता सम्बन्धमा ।**

**निर्णय नं १०:**

विद्यालयको शैक्षिक गुणस्तर सुदृढिकरणका लागि आवश्यक सुचकहरु निर्धारण गरि प्रत्येक विद्यालयका प्रधानाध्यापक र शिक्षा अधिकृत विच कार्य सम्पादन सम्झौता गर्ने र विद्यालय अनुगमन गर्दा ती सुचकको पालना भए/नभएको पक्षलाई मुख्य आधारका रुपमा लिने निर्णय गरियो ।